बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट नवलपरासी
५ नं. प्रदेश, नेपाल

प. सं ०७६/०७७
च. नं. 3229

मिति २०७७०२।२८

बिषयः सार्वजनिक विद्यालय समायोजन एवं एकीकरणका लागि विद्यालयलाई सूचना सम्बन्धमा ।

उपरोक्तसम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. १५५ मिति २०७७०२।२० को सूचना तथा विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ अनुसार दुइ वा दुइ भन्दा बढी विद्यालय तथा कक्षाहरु एक आपसमा समायोजन, एकीकरण भएमा त्यस्ता विद्यालयलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था रहेको भनी सूचना प्रकाशित भएको र यसरी समायोजन तथा एकीकरण हुदा व्यवस्थापनको लागि प्रोत्साहन अनुदान रु.२० लाख देखि ६० लाखसम्म उपलब्ध हुने हुदा यस नगरपालिका भित्रका न्यूनतम विद्यार्थी संख्या भएका विद्यालयबाट २०७७ असार २ गते अगावै विद्यालय व्यवस्थापन समितिको निर्णय र वडा कार्यालयको सिफाारिससहित यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा समायोजन तथा एकीकरणका लागि निवेदन पेश गर्ने व्यवस्थाका हुन अनुरोध छ । थप जानकारीको लागि सम्बन्धित शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत